## आयकर ऐन, २०५८ अनुसार

# करका दरहरू

श्री ५ को सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग
लाजिम्पाट, काठमाण्डौं

*"कर तिर्नु कानूनी कर्तव्य मात्र होईन,
सम्मान पाउने अवसर पनि हो"*

चैत्र, २०५९

## करका दरहरू

आयकर ऐनमा प्रष्ट रूपले करका दरहरूको व्यवस्था गरी सालबसाली ल्याइने आर्थिक ऐनहरू मार्फत करदाताको कर तिर्न सक्ने क्षमता, मुद्रास्फीतिको अवस्था, राष्ट्रको आवश्यकता, समग्र अर्थतन्त्रका परिसूचकहरू आदिलाई हेरेर आयकर ऐनमा संशोधनद्वारा करका दरहरू परिवर्तन गर्ने प्रचलन प्राय: दक्षिण एशियाली मुलकहरू र अन्य मुलुकहरूमा समेत रहको छ । करका दरहरूलाई आयकर ऐनमा नै उल्लेख गर्दा करका दरहरूको संरचना, न्यूनतम तथा अधिकतम करको दर, संस्थागत करको दर र व्यक्तिगत करका दरहरू वीचको तादत्म्यता, वासिन्दा र गैर वासिन्दा व्यक्तिहरूका वीच करका दरहरूका सम्वन्धमा ऐनले गरेको व्यवहार, विदेशी लगानीकर्ताका लागी करका दरहरू, छुटका सीमाहरू, दरहरूको तह तथा संख्या जस्ता आधारभूत कुराहरूको जानकारी एउटै दस्तावेजबाट सरल र सुगम तरिकाले पाउन सकिने हुन्छ ।

सवै कुराहरू समेटिएको ऐनले एकातिर कुनै व्यवसाय वा लगानी गर्न चाहने स्वदेशी तथा विदेशी लगानीकर्ताहरूकालागि लगानी वा व्यवसायसम्वन्धी निर्णय लिने भरपर्दो आधार सृजना हुन्छ भने अर्कातिर आयकर सम्वन्धमा जानकारी राख्न चाहने सवैकालागि सामाग्री उपलव्ध हुन्छ । आयकर ऐनमा करका दरहरू उल्लेख गर्दा दरहरूलाई कठोर अर्थात सजिलै परिवर्तन गर्न नसकिने बनाउन खोजेको जस्तो देखिए तापनि हरेक वर्ष आउने आर्थिक ऐनले आयकर ऐनमा भएका करका दरहरूसंग सम्वन्धित दफाहरूलाई स्वत: संशोधन गर्ने हुंदा त्यस्तो अवस्था रहदैन ।

यही वास्तविकतालाई मध्यनजर राखेर आयकर ऐन, २०५८ मा करका दरहरू सम्वन्धी छुट्टै अनुसूचि समावेश गरिएको छ । आयकर ऐन, २०५८ को अनुसूची-१ ले निम्नानुसार करका दरहरू निर्धाररण गरेको छ ।

➢ <u>व्यक्तिको सम्वन्धमा</u>

- <u>प्राकृतिक व्यक्तिको लागि</u>

पहिलो रू. ६५,०००। ( सम्म करयोग्य आय भएमा कर नलाग्ने
रू. ६५,०००।( भन्दा बढी तर रू. १,४०,०००। ( सम्म १५ प्रतिशत, र रू. १,४०,०००। ( भन्दा माथि जति भएपनि १५ प्रतिशत र रू. ११,२५०।

- <u>दम्पत्तिको लागि</u>
  पहिलो रू. ८५,०००। ( सम्म करयोग्य आय भएमा कर नलाग्ने
  रू. ८५,०००।– भन्दा बढी तर रू. १,६०,०००। ( सम्म १५ प्रतिशत, र
  रू. १,६०,०००। ( भन्दा माथि जति भएपनि २५ प्रतिशत र रू. ११,२५०।

  *( रू. ११,२५०। भनेको प्राकृतिक व्यक्तिको हकमा १,४०,००० ( ६०,००० . ७५,००० को १५ प्रतिशत र दम्पत्तिको हकमा रू. १,६०,००० ८५,०००. ७५,००० को १५ प्रतिशतले हुने कर रकम हो )*

  *यस व्यवस्था अन्तर्गत सामान्य अवस्थामा दम्पत्तिका पति पत्निलाई वेग्ला वेग्लै प्राकृतिक व्यक्ति सरह करका दर लाग्छन् । यदि पति पत्नि दुवैले दम्पत्ति हुन छनौट गरेमा मात्र त्यस्ता पति पत्निलाई दम्पत्ति सरह करका दर लागु हुन्छन् ।*

- निवृत्तिभररण आय हुने प्राकृतिक व्यक्ति वा दम्पत्तिलाई कर नलाग्ने उपरोक्त आयको सिमामा २५ प्रतिशत थप हुन्छ ।

- दुर्गम स्थानमा वसोवास गर्ने प्राकृतिक व्यक्तिलाई कर नलाग्ने छुट सीमामा “क” देखी “ङ” बर्ग सम्मकोलागी रू. ६००० देखी रू. ३०,००० सम्म थप हुन्छ । यो व्यवस्था समान रूपले सवै करदाताहरूका लागि लागू हुन्छ । कुन कुन बर्गको क्षेत्रमा वसोवास गर्ने प्राकृतिक व्यक्तिलाई कति कति रकम छुट हुन्छ भन्ने क्षेत्रगत विवररण आयकर नियमावलीमा समावेश गरिएकोछ ।

- गैरव्यावशायिक करयोग्य सम्पत्ति वा दायीत्व नि:सर्ग (Disposal) हुंदा प्राप्त हुने खुद लाभमा १० प्रतिशतका दरले पूंजिगत लाभ कर लाग्छ ।
- श्री ५ को सरकार वा स्वीकृत अवकाश कोषबाट एकमुष्ठ भुक्तानी भएको रकमको पचास प्रतिशत वा रू. पांच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई बांकी हुने लाभमा मात्र ६ प्रतिशतका दरले कर लाग्छ ।
- प्राकृतिक व्यक्तीलाई औषधी उपचार सुविधा वापत वार्षिक सात सय पचास रूपैया सम्म कर रकममा घटाउन पाउने सुविधा दिइएको छ । तर पुर्वानुमानित कर तिर्ने प्राकृतिक व्यक्तिले यो सुविधा पाउदैन ।
- वार्षिक रू. १० लाखसम्मको कारोवार र रू. १ लाखसम्म आय हुने महानगरपालिका वा उप महानगरपालिका, नगरपालिका र अन्य क्षेत्रमा व्यवसाय गर्ने साना करदाताले क्रमश: रू.२ हजार, रू. १ हजार ५ सय र रू १ हजार वार्षिक पूर्वानुमानित कर तिर्नु पर्दछ ।
- गैर वासिन्दा प्राकृतिक व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा २५ प्रतिशतका दरले कर लाग्छ ।

➢ <u>निकायको सम्वन्धमा</u>

- अन्यथा व्यवस्था भएकोमा वाहेक कुनै आय वर्षमा कुनै निकायको कर योग्य आयमा २५ प्रतिशतका दरले कर लाग्छ ।
- वैंक, वित्तीय संस्था, सामान्य वीमा व्यवशाय गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्छ ।
- कुनै निकायको नेपालको श्रोतबाट कुनै वर्ष भरि पूरर्णरूपमा विशेष उद्योग (चुरोट, विंडी, सिगार, खाने सुर्ति, खैनि, मुख्य कच्चा पदार्थ सुर्ति भएको सोही प्रकृतिका अन्य उत्पादनहरू, मदिरा,

वियर तथा यस्तै प्रकारका वस्तु उत्पादन गर्ने उद्योग वाहेक ओद्योगिक व्यवशाय ऐन, २०४९ को दफा ३ मा वर्गीकररण गरिएका उत्पादनमूलक उद्योगहरू) संचालनमा संलग्न रहेर भएको करयोग्य आयमा २० प्रतिशतका दरले कर लाग्छ ।

- कुनै उद्योगले छ सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरिनै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको दरको ९० प्रतिशत तथा अतिअविकसित, अविकसित, अल्पविकसित क्षेत्रहरू मा विशेष उद्योग संचालन भएको भए त्यस्ता उद्योग संचालन भएको आय वर्ष समेत दश आयवर्षका लागि सो वर्षहरूको आयमा लाग्ने करको क्रमश: ७०, ७५, र ८० प्रतिशत मात्र कर लाग्छ ।
- कुनै निकायको  नेपालको श्रोतबाट कुनै सडक, पुल, टनेल, रोप( वे वा आकाशे पुल निर्मारण गरी संचालन गरेर वा कुनै ट्रली बस वा ट्राम संचालन गरेर भएको करयोग्य आयमा २० प्रतिशतका दरले कर लाग्छ ।
- कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्मारण तथा संचालन गरी श्री ५ को सरकारलाई हस्तान्तररण गर्ने जस्ता आयोजनाहरू (BOT/BOOT) र विद्युत गृह निर्मारण, उत्पादन र प्रसाररण गरेमा त्यस्तो निकायको करयोग्य आयमा २० प्रतिशतका दरले कर लाग्छ ।
- कुनै मृत वासिन्दा व्यक्तिको आय वा अशक्त वासिन्दा प्राकृतिक व्यक्तिको  करयोग्य आयमा वासिन्दा प्राकृतिक व्यक्ति सरह माथि उल्लेख गरिएको सामान्य करको दरले कर लाग्छ । पूंजिगत लाभ भएमा १० प्रतिशतका दरले कर लाग्छ ।
- कुनै गैर वासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापनले विदेश पठाएको आयमा १० प्रतिशतका दरले कर लाग्छ ।

- नेपालमा जलयात्रा, हवाई यातायात, वा दूर संचार सेवा उपलब्ध गराउने गैर वासिन्दाको करयोग्य आयमा ५ प्रतिशतका दरले कर लाग्छ ।

➢ <u>श्रोतमा कर कट्टी</u>

- प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गरणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको  कुनै रकम भुक्तानी गर्दा अनुसूची–१ बमोजिमको दरले हुने कर कट्टी गर्नु पर्छ । अर्थात पारिश्रमिक भुक्तानी गर्दा एकल व्यक्ति वा दम्पत्तिले छुट पाउने रकमहरू कटाई बांकी मा लाग्ने करको दर अर्थात १५ वा २५ प्रतिशतले हुने रकम कर कट्टी गर्नु पर्छ । यसरी कर कट्टी गर्दा बार्षिक करको दायीत्व एकिन गरि मासिक रूपमा कर कट्टी गर्नु पर्छ ।

- कुनै व्यक्तिले नेपालमा श्रोत भएको व्याज, प्राकृतिक श्रोत, भाडा, रोयल्टी, सेवाशुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्छ । तर बासिन्दा बै  वा वित्तीय संस्था वा ऋण पत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून वमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋृणपत्र, डिवेन्चर तथा सरकारी वण्ड बापत ब्याज वा ब्याज स्वरूपको कुनै रकम  भुक्तानी दिंदा कुल भुक्तानी रकममा ५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्छ ।

- कुनै व्यक्तिलाई श्री ५ को सरकार वा कुनै अवकाश कोषवाट वाहेक अवकाश भुक्तानी वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्छ ।

- श्री ५ को सरकार वा स्वीकृत अवकाश कोषबाट एकमुष्ठ अवकाश भुक्तानी भएमा त्यस्तो भुक्तानी रकमको पचास प्रतिशत वा पांच लाख रूपैया मध्ये जुन बढी हुन्छ सो रकम घटाई वांकी रहने रकम अर्थात लाभमा ६ प्रतिशतका दरले कर कट्टी गर्नु पर्दछ ।

- बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको लाभांश भुक्तानी गर्दा कूल भुक्तानी रकमको पांच प्रतिशतका दरले कर कट्टी गर्नु पर्दछ ।
- लगानी बीमावाट वा स्वीकृति नलिएको अवकाश कोषवाट लाभ भुक्तानी गर्दा सो लाभ रकमको दश प्रतिशतका दरले कर कट्टी गर्नु पर्दछ ।
- वासिन्दा व्यक्तिले सामान्य वीमा प्रिमियम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्दछ ।
- वासिन्दा व्यक्तिले ठेक्का वा करार वापत रू. ५० हजारभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्दछ ।

➢ <u>अन्तिम रूपमा करकट्टी हुने भुक्तानीहरू</u>

- देहायका भुक्तानीलाई अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिन्छ :-

(क) बासिन्दा कम्पनीले भुक्तानी गरेको लाभांश,

(ख) व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसंग गासिएका जडानहरू र उपकररणहरू बापत भुक्तानी गरेको भाडा,

(ग) बासिन्दा व्यक्तिले लगानी बिमा बापत भुक्तानी गरेको लाभ,

(३) स्वीकृति नलिएको अवकाश कोषले हित बापत भुक्तानी गरेको लाभ,

(ञ) वैंक, वित्तीय संस्थाहरू वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून वमोजिम सूचीकृत भएका कम्पनीले प्राकृतिक व्यक्तिलाई भुक्तानी दिएको व्याज,

(च) गैर बासिन्दा व्यक्तिलाई दिइएको कर कट्टी हुनु पर्ने भुक्तानी,

(५) श्री ५ को सरकार वा स्विकृत अवकाश कोषवाट भुक्तानी गरिएको अवकाश भुक्तानीहरू

(ज) बैठक भत्ता ।